# आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली

मितिः १५ दिसम्बर २०२४

समयः १८:५० – १९:०० बजे

**मुख्य समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदी अनि गृहमन्त्री अमित शाहले आज सरदार वल्लभभाई पटेललाई उहाँको पुण्यतिथिमा श्रद्धांजलि अर्पण गर्नु भएको छ।
- लोकसभा अनि विधानसभाका चुनाव एकै पल्ट गराउने दुई विधेयक अब भोलि लोकसभामा पेश नहुने भएको छ।
- केंद्रीय राज्य मंत्री एवम भाजपा प्रदेश अध्यक्ष डॉ. सुकांत मजूमदारले एक पल्ट फेरी बांग्लादेशको स्थितिमाथि चिंता व्यक्त गर्नुभएको छ।
- तीनधारे महानदी समष्टिका सम्पूर्ण जीटीए कर्मचारीहरुलाई लिएर आज भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाले समष्टि स्तरीय कमिटी गठन गरेको छ।
- युनाईटेड तीनधारे स्पोर्ट्स एसोसिएसनको आयोजनामा तीनधारे च्यालेञ्च कप फुटबल टुर्नामेन्ट शुरु भएको छ।

**प्रधानमन्त्री-गृहमन्त्री सरदार पटेल**

प्रधानमन्त्री नरेन्द्र मोदी अनि गृहमन्त्री अमित शाहले आज सरदार वल्लभभाई पटेललाई उहाँको पुण्यतिथिमा श्रद्धांजलि अर्पण गर्नु भएको छ। सामाजिक संजालमा पोस्ट गर्दै प्रधानमंत्रीले भन्नुभयो कि सरदार पटेलको व्यक्तित्व अनि उहाको कार्य देशको एकता अनि अखंडता तथा विकसित भारतको संकल्प प्राप्त गर्नमा देशवासिहरुका लागि प्रेरणाको स्रोत बनिरहने छ। भारतका लौहपुरुषको स्मरण गर्दै गृहमन्त्री अमित शाहले उहाँलाई देशको एकताको प्रतीकको रुपमा व्याख्या गर्नुभयो। राष्ट्रिय एकता अनि अखण्डता प्रतिको आफ्नो प्रतिबद्धताले एक भारत श्रेष्ठ भारतको बलियो जग बसालेको उहाँले बताउनु भयो।

**एक राष्ट्र  एक चुनाव**

लोकसभा अनि विधानसभाका चुनाव एकै पल्ट गराउने दुई विधेयक अब भोलि लोकसभामा पेश हुने छैन। भोलीको संसद् कार्यसूचीमा यी विधेयकहरूको उल्लेख गरिएको छैन। केन्द्रीय कानुनमन्त्री अर्जुन राम मेघवालले ‘एक राष्ट्रए एक चुनाव’ सम्बन्धी दुई विधेयक पेश गर्ने योजना थियो। केन्द्रीय क्याबिनेटले १८ सेप्टेम्बरमा पूर्व राष्ट्रपति रामनाथ कोविन्दको नेतृत्वमा बनेको ‘एक राष्ट्रए एक चुनाव’ को उच्चस्तरीय समितिको सिफारिसलाई स्वीकृति दिएको थियो। यी विधेयकमध्ये एक संविधान संशोधन विधेयक होए  जसले लोकसभा अनि विधानसभाका चुनाव एकै पल्ट गराउने प्रस्ताव राखेको छ। अर्को विधेयक तीन केन्द्र शासित प्रदेशका चुनाव एकै साथ गराउने सम्बन्धमा हो।

**मन घिसिङ**

यसै सम्बन्धमा गोर्खा राष्ट्रिय मुक्ति मोर्चा केन्द्रीय समितिको अध्यक्ष मन घिसिङले आज एक प्रेस विज्ञप्ति जारी गर्दै गोर्खा राष्ट्रिय मुक्ति मोर्चाले लोकसभामा पेश हुन गइरहेको एक देश  एक चुनाव विधेयकलाई हार्दिक स्वागत गरेको जानकारी दिनु भएको छ।  उहाँले भन्नुभयो यो विधेयक प्रधानमन्त्री नरेन्द्र मोदी अनि गृहमन्त्री अमित शाहाको तर्फबाट भारत राष्ट्रलाई ठूलो उपहार मानिनेछ। राष्ट्र हितलाई सर्वोपरि मान्ने गोरामुमो दलले यो विधेयकलाई ऐतिहासिक कदमका रूपमा लिएको छ र यसको सफलताका लागि पूर्ण विश्वास व्यक्त गर्दछ।

**सुकांत मजूमदार**

केंद्रीय राज्य मंत्री एवम भाजपा प्रदेश अध्यक्ष डॉ. सुकांत मजूमदारले एक पल्ट फेरी बांग्लादेशको स्थिति माथि चिंता व्यक्त गर्नुभएको छ। उहाले भन्नुभयो बांग्लादेशको स्थिति हाम्रो लागि धैरै चिंताको विषय हो। बांग्लादेश सरकारले अल्पसंख्यकहरु विशेष गरेर हिंदुहरु बिरुद्ध हिंसालाई रोक्ने उपाय गर्नु पर्नेछ। आज सिलगडीमा पत्रकारहरुसित कुराकानी गर्नुहुदै उहाले फिरहाद

हकीमको  टिप्पणिहरुको पनि जवाब दिनुभयो। उल्लेखनीय छ कि कोलकाताका मेयर फिरहाद हकीमले पश्चिम बंगालमा मुस्लिम सशक्तिकरणको कुरा गरेका थिए। यसै संदर्भमा सुकांत मजूमदारले भन्नुभयो कि फिरहाद हकीम अनि तृणमूल काँग्रेसका सबै मुस्लिम नेताहरुको मानसिकता एकै छन्।

**आवास योजना प्रदर्शन**

कूचबिहार जिल्लाको दिनहाटा १ नम्बर खण्ड अधीन पुटिमारी २ नम्बर ग्राम पंचायतमा आवास योजना अन्तर्गत घर वितरणमा भेदभावको आरोप लिएर आयोजित ग्रामसभाको अवधि हंगामा भयो। प्राप्त जानकारी अनुसार क्रोधित ग्रामीणहरूले टेबल-चौकी तोड़े साथै खण्ड प्रशासन अधिकारीहरूलाई ग्राम पंचायत कार्यालयभित्र बन्द गरेरे ताला लगाए पछि स्थिति तनावपूर्ण बन्यो। पुलिस घटनास्थलमा पुगेर पंचायत सदस्य एवं प्रशासनका अधिकारीहरूलाई ग्राम पंचायत कार्यालयबाट बाहिर निकाले। स्थानीय ग्राम वासीहरूको आरोप अनुसार घरको आवश्यकता हुनेको नाम आवास सूचीमा छैन। खण्डको पंचायत विकास अधिकारीले बताए अनुसार सम्पूर्ण मामिलाको जाच चलिरहेको छ।

**नेपालका रक्षा प्रमुख भारत भ्रमण**

भारतका सेनाध्यक्ष उपेन्द्र द्विवेदी उपेन्द्र द्विवेदी तथा भारत भ्रमणमा आउनु भएको नेपालका सेना प्रमुख सुप्रबल जनसेवाश्री जनरल अशोक बीच सकारात्मक भेटवार्ता रहेको छ। तीन दिने भ्रमणका क्रममा दुई पक्षबीच आपसी सहयोग अभिवृद्धि अनि दुई देशका सेनाबीचको सम्बन्धलाई मजबुत बनाउने लगायत विविध विषयमा चर्चा भएको थियो। नेपालका सेना प्रमुखको भ्रमण हिजो सम्पन्न भएको छ। रक्षा मन्त्रालयले नेपाल सेना प्रमुखको यो भ्रमणले द्विपक्षीय सैन्य सहयोगको आधारलाई बलियो बनाउने अनि रणनीतिक तथा रक्षा हितका क्षेत्रमा सहयोग अभिवृद्धि गर्ने बताएको छ। यस भ्रमणले नेपाली सेना अनि भारतीय सेनाबीचको दीर्घकालीन सम्बन्धलाई बलियो बनाउने लक्ष्य पनि प्राप्त गर्ने मन्त्रालयले जनाएको छ।

**अनुसूचित जनजाति सूची**

भारतको संविधान अन्तर्गत अनुसूचित जनजाति सूचीमा १२ वटा छुटेका सिक्किमी समुदायहरूलाई समावेश गर्नका लागि स्थापित सिक्किम राज्य उच्च-स्तरीय समितिको उद्घाटन बैठक सिक्किमका मुख्यमन्त्री प्रेम सिंह तामाङको विशेष उपस्थितिमा सम्पन्न भएको छ। यस बैठकमा अध्यक्ष श्री बी वी शर्मा उपाध्यक्ष  महेन्द्र पी. लामा समितिका सदस्यहरू लगायत १२ वटा छुटेका समुदायका प्रतिनिधिहरू उपस्थित रहेका थिए। यस अवधि मुख्यमन्त्री प्रेम सिंह तामाङले भन्नुभयो- छुटेका १२ समुदायहरूको महत्त्वपूर्ण योगदान रहे तापनि  यी समुदायहरू १९७८ देखि अनुसूचित जनजातिको मान्यताबाट वञ्चित छन्। उहाले अझ भन्नुभयो-जनवरी २०२१ मा सिक्किम विधान सभाले पारित गरेको ऐतिहासिक प्रस्ताव  माननीय प्रधानमन्त्री र गृहमन्त्री लगायत राष्ट्रिय नीति निर्माताहरूसँगको निरन्तर संलग्नताले हाम्रो समर्पित प्रतिबद्धतालाई जोड दिएको छ।

**अनुसुचित जाति**

अनुसुचित जाति संयुक्त मञ्चको आयोजनामा आगमी २२ दिसम्बर २०२४ हुन लागेको राष्ट्रिय महाधिवेशनको निम्ति आज सुकना मोडल हाई स्कूलको मैदानमा आयोजक समितिको पक्षबाट भूमि पूजन गरी कार्यक्रमको थालनी गरियो। आयोजक समितिको पक्षबाट महासचिव राजेश गजमेरले यो भूमि पूजा गर्नुको मुख्य उद्देश्य महाधिवेशन सफलतापूर्वक होस् साथै कार्यक्रमको दिन कुनै प्रकारको अप्रिय घटना नहोस् भनी गरिएको जानकारी दिनु भयो।

**कमिटी गठन**

तीनधारे महानदी समष्टिभित्र पर्ने सम्पूर्ण जीटीए कर्मचारीहरुलाई लिएर समष्टि स्तरीय कमिटी गठनका लागि भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको सभा घैयाबारीमा सम्पन्न भएको छ। सभालाई भागोप्रमो तीनधारे महानदी समष्टिको सभापति राजीव थापाए जीटीए कर्मचारी संगठन खरसाङ महकुमा समितिका सभापति साथै सभासद नवराज छेत्री एवं भागोप्रमो खरसाङ महकुमा समितिका सचिवले सम्बोधन गरेका थिए। सभामा तीनधारे महानदी समष्टिभित्र पर्ने सम्पूर्ण जीटीए कर्मचारीहरुलाई लिएर समष्टिस्तरीय कमिटी गठन गरियो। सभापछि पत्रकारहरुसित कुराकानी गर्दै भागोप्रमो तीनधारे महानदी समष्टिको प्रवक्ताले

भागोप्रमो तीनधारे महानदी समष्टिभित्र पर्ने विभिन्न भातृ संगठनहरुलाई लिएर समष्टि स्तरीय कमिटी गठन गरिने कार्य लगातार रुपमा चलिरहेको र यसै क्रममा आज तीनधारे महानदी समष्टिभित्र जीटीए कर्मचारीहरुलाई लिएर समष्टि स्तरीय कमिटी गठन गरिएको जानकारी गराए।

**क्रामाकपा**

आज क्रामाकपा बिजनबारी आंचलिक कमिटीको तत्वावधानमा पार्टीको २८औं स्थापना दिवस पालन गरेको छ। सभामा प्रमुख अतिथि नर्वु लामा पार्टी महासचिव डी आर राई श्रमिक संगठन महासचिव लगायत अन्य सदस्यहरु उपस्थिति रहेको थियो। सभामा पार्टी स्थापना भएदेखि यता के कति उपलब्धि भयो अनि यस पार्टीले जनमुखी क्रियाकलापहरू कति गर्यो भन्ने विषयमा चर्चा परिचर्चा गरियो।

**यासांबा-दोसांबा पूजा**

किराँती खम्बु राई संस्कृति संस्थान (केकेआरएस) सोनादा शाखाले इनटेक बालासन खोलामा परम्परागत विधिपूर्वक यासांबा-दोसांबा पूजा सम्पन्न गरेको छ। यस विशेष पूजाले किराँती सभ्यताको धार्मिक परम्परा र सांस्कृतिक सम्पदाको संरक्षणमा महत्वपूर्ण योगदान पुर्याएको छ। यस पूजाले पूर्वजहरूको श्राप निवारणसँगै कालक्रममा रोग र कष्टका कारण मृत्यु भएका चिर आत्माहरूको शान्तिको कामना पनि गर्दछ। पूजाका सम्पूर्ण प्रक्रिया विधिपूर्वक सम्पन्न गरियो।

**मगर संघ**

मगर संघ भारत तथा राङभाङ भेल्ली समितिको संयुक्त तत्वावधानमा जातिको सांस्कृतिक एवम् ऐतिहासिक पर्व 'बाराही मिजोङ' मगरजोङमा सम्पन्न भएको छ। कार्यक्रमको पहिलो चरणमा मगर जातिको जोङ मानिएको मगरजोङको त्रिशुले स्थित निर्दिष्ट ठाउँमा थान थपना बनाएर पूजा अर्चना सम्पन्न गरियो भने दोस्रो चरणमा साङ्गीतिक कार्यक्रमसँगै नृत्य प्रतियोगिता आयोजना गरिएको थियो।

**लोक अदालत**

मिरिकमा आयोजित राष्ट्रिय लोक अदालतमा ११५ मुद्दामध्ये ११४ मुद्दाको समाधान भएको छ। हिजो मिरिकको न्यायिक मजिस्ट्रेट अदालतमा भएको एकल पीठ लोक अदालतमा मिरिकका डिभिजन शिविल जज एव जुडिसियल मेजिस्ट्रेट श्रीमती ब्यानर्जीसहित अधिवक्ता प्रियकर प्रधान राज्यका अधिवक्ता सुस्मी राई अनि मिरिकका विभिन्न बैंकका व्यवस्थापकहरुको उपस्थिति रहेको थियो।

**फुटबल**

युनाईटेड तीनधारे स्पोर्ट्स एसोसिएसनको आयोजनामा तीनधारेको मिठाईडाँडा खेल मैदानमा तीनधारे च्यालेञ्च कप फुटबल टुर्नामेन्ट शुरु भएको छ। आजको उदघाटन खेल शिवखोला एफसी र सीएनएफए सिलगढीमाझ सम्पन्न भएको छ। उदघाटन खेलमा शिवखोला एफसीले सीएनएफए सिलगढीलाई २-१ को अन्तरले हराउँदै दोस्रो चरणमा प्रवेश गरेको छ।

*************